बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P. O. BOX NO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

मितिः-२०६४।०८।११

परिपत्र ११ (०६४/०६५) च.नं.१५८२-१५८३

१) श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
२) श्री दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
३) श्री राष्ट्रिय बीमा संस्थान ।
४) श्री नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
५) श्री नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।
६) श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
७) श्री यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड ।
८) श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड ।
९) श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड ।
१०) श्री नेको इन्सुरेन्स लिमिटेड ।
११) श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड ।
१२) श्री एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१३) श्री एन.बि.इन्सुरेन्स कम्पनी लिमिटेड ।
१४) श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१५) श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड ।
(१६) श्री अमेरिकन लाइफ इन्स्यारेन्स कम्पनी (ALICO) ।
(१७) श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१८) श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(१९) श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड ।
(२०) श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड ।
(२१) श्री एन एल जी इन्स्योरेन्स कम्पनी लिमिटेड ।

विषय :- बीमाशुल्क आम्दानीको लेखा राख्ने बारे ।

बीमा ऐन, २०४९ को दफा २७ मा बीमा शुल्क जोखिम ग्रहण गर्नु भन्दा अगाडी भुक्तानी हुनु पर्ने :कुनै पनि बीमकले कुनै पनि किसिमको बीमा व्यवसाय गर्दा लिइने बीमा बापतको शुल्क रकम प्राप्त नभएसम्म बीमा जोखिम स्वीकार गर्नु हुदैन । बीमकले जोखिम ग्रहण गरे बापत बीमा शुल्क रकम प्राप्त गरेपछि मात्र बीमा गरेको मानिनेछ । तर कुनै कारणवश एकमुष्ट रकम बुझाउन व्यवहारिक कठिनाई परी बाँकी रकम भुक्तानी गर्ने सम्बन्धमा अवधि किटान गरी बैंक वा नेपाल सरकारको जमानतमा बीमा लेख जारी गर्न यस दफाले कुनै बन्देज लगाएको मानिने छैन भन्ने व्यवस्था रहेको र बीमा नियमावली, २०४९ को नियम ३६ ग मा बीमितले बीमक सित बीमा गरे बापत बुझाउनु पर्ने बीमाशुल्कको रकम नबुझाएसम्म निजहरुको बिचमा बीमा सम्बन्धी कारोबार भएको मानिने छैन भन्ने स्प्ट कानूनी व्यवस्था रहेको हुँदा बीमाशुल्क प्राप्त नभई त्यस्तो बीमाशुल्क रकमलाई आम्दानी बाध्नुको कुनै औचित्य देखिएन । तसर्थ बीमाशुल्क प्राप्त भएपछि मात्र बीमाशुल्कको आम्दानी बाध्ने (Cash Basis) कार्य गर्नु गराउनु भई कानूनी व्यवस्था पालना गर्नु हुन बीमा ऐन, २०४९ को दफा ८(घ२) को व्यवस्था बमोजिम सूचित गरिन्छ ।

(शेखर कुमार अर्याल)
उप-निर्देशक

बोधार्थ :
श्री अर्थ मन्त्रालय, आ.का.वि.तथा नी.वि.महाशाखा,
सिंहदरवार, काठमाण्डौ ।